मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

४ नम्बर प्रदेश, नेपाल

# सडक निर्माण कार्यका लागि सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रकाशन मिति : २०७६।१०।०५**

यस गाउँपालिकाका लागि सडक निर्माण कार्यका लागि सिलबन्दी बोलपत्रद्वारा कार्य गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरूका अधिनमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र आह्वान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. बोलपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएका मितिले ३० दिनभित्र चालु आ.व.का लागि नवीकरण भएका इजाजतपत्र, आयकर दर्ता, मू.अ.कर दर्ता र गत आ.व.को कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदनसाथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. खरिद भएका बोलपत्र प्रथमपटक प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजेभित्र सिलबन्दी लाहाछाप गरी खाममा विवरण प्रस्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरू सोही दिनको २.०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरू र निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयअनुसार हुनेछ।

४. बोलपत्रसाथ जमानतबापतको बोलकबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम **प्रभु बैंक, बाबियाचौर**स्थित यस गाउँपालिका कार्यालयको धरौटी खाता नं ग-४-२ १७६००२०११०३०९३००००००८ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ वा प्रचलित कानुनबमोजिमको बैंक जमानत पेश गर्नुपर्नेछ।

५. म्याद नाघी आएका, रीत नपुगेको र सर्त राखिएका बोलपत्रउपर कुनै कारबाही हुनेछैन।

६. बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि करबाहेक रकम उल्लेख गर्नुपर्नेछ। सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएमा केरमेट भएका ठाउँमा सहीछाप भएको हुनुपर्नेछ।

७. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

८. बोलपत्र स्वीकृत भएपछि कबुल ठेक्का अंकको ५ प्रतिशत हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कले बैंक भौचर वा कम्तीमा १ वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरिएको कार्य जमानतपत्र (परफरसेन्स बण्ड) सम्झौता गर्नुअघि पेश गर्नुपर्नेछ।

९. बोलपत्रसम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. यस सूचनामा लेखिएको हकमा यसैअनुसार र यसमा उल्लेख नभएका हकमा स्थानीय शासन ऐन, नियम, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन कानुनबमोजिम हुनेछ।

११. बोलपत्रसम्बन्धी कुनै विवाद आएमा प्रचलित कानुनबमोजिम आपसी सहमतिमा समाधान गरिनेछ। आपसी सहमति हुन नसकेमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१२. सिलबन्दी बोलपत्रका कामका विवरण निम्नानुसारको हुनुपर्नेछ।

| सि.न. | बोलपत्र न. | कामको विवरण | सिलबन्दी बोलपत्र फाराम दस्तुर | लागत अनुमान भ्याटसहित | धरौटी रकम |
|---|---|---|---|---|---|
| १. | ०७/MRM/ ०७६/०७७ | बाबियाचौर-काफलचौर-सल्यान भर्जुला-थाइबाङ -हिदि-नमुना सडक निर्माण मर्मत तथा स्तरोन्नति क्रमागत | रु.३०००।- | रु.५०,०००००।- | बोलकबोल अङ्कको २.५ प्रतिशतले हुन आउने रकम |

**प्रमुख प्रशासकीय अधिकृत**